राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 22, Issue 2 No. 145 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bhadra 2079 (Aug-September 2022)

## कार्यसम्पादन सम्झौता सम्पन्न

नेपाल टेलिकमका सबै प्रमुख अधिकृत, निर्देशक र विभागीय प्रमुखहरुले यस आर्थिक वर्षमा सम्पन्न गरिने योजना र कार्यक्रमहरुको लक्ष्य निर्धारण गर्नुभएको छ। चालु आ.व.का लागि निर्धारित लक्ष्य र योजनाहरु समयमै सम्पन्न गर्नका लागि प्रबन्ध निर्देशक सुनिल पौडेल र प्रमुख अधिकृतहरुबीच कार्यसम्पादन सम्झौता पनि सम्पन्न भएको छ। कार्यसम्पादन सम्झौताका लागि केन्द्रीय कार्यालयमा आयोजित एक समारोहमा प्रबन्ध निर्देशक सुनिल पौडेलले 'हाम्रा पूर्व निर्धारित लक्ष्यहरु समयमै सम्पन्न गर्न जिम्मेवारीमा रहनुहने सबैको भूमिका निर्णायक र महत्वपूर्ण हुने' बताउनुभयो।

*(बाँकी २ पेजमा)*



## Nepal Telecom Miss ICT मोनालिसा पराजुली




उमंग क्रिएसनद्वारा आयोजित मिस युनिभर्स नेपालको प्रतियोगितामार्फत मोनालिसा पराजुली नेपाल टेलिकम मिस आईसीटी (Miss ICT) विजेता बन्नु भएको छ। नेपाल टेलिकमले प्रायोजन गरेको सो सबटाइटलमा पराजुली विजेता बन्नुभएको हो।

नेपाल टेलिकमकी प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी, प्रबन्धक रीना डंगोल र उप-प्रबन्धक रंजित लोहियाले टप २० प्रतियोगीहरुलाई लिनुभएको अन्तर्वार्ताको आधारमा मिस आईसीटी छनोट गरिएको हो। विजेता पराजुली आगामी एक वर्ष सम्म नेपाल टेलिकमका विभिन्न प्रवर्द्धनात्मक कार्यमा संलग्न हुनुहुनेछ।

सो प्रतियोगितामा मिस युनिभर्स नेपाल २०२२ को उपाधि सोफिया भुजेलले जित्नुभएको छ। त्यसैगरी फर्स्ट रनर्सअपको उपाधि विपना अधिकारी र सेकेन्ड रनर्सअपको उपाधि आश्मा केसीले जित्नुभयो। थर्ड रनर्सअपको उपाधि सेफिना जोशी र फोर्थ रनर्सअपको उपाधि मोनालिसा पराजुलीले जित्नुभएको थियो।

नेपाल टेलिकम मिस आईसीटीका साथै अन्य उपविजेतालाई कम्पनीको तर्फबाट मासिक रु. ९९९ को दरले एक वर्षको सजिलो अनलिमिटेड प्याकेज र विजेतालाई मासिक रु. १४९९ को दरले एक वर्षको सजिलो अनलिमिटेड प्याकेज उपलब्ध गराइने छ।

## कम्पनीको ग्राहक आधार

नेपाल टेलिकमको ग्राहक आधार २ करोड २१ लाख ८७ हजार ८२२ पुगेको छ। कम्पनीको पछिल्लो अर्थात गत २०७९ असार महिनाको MIS Report अनुसार यी मध्ये जीएसएम मोबाइलका ग्राहक २ करोड १० लाख ५१ हजार ४०५ छन्।

हाल कम्पनीको सीडीएमए सेवाका ग्राहक ४ लाख ३७ हजार १९२ र ल्यान्डलाइन (पीएसटीएन) सेवाका ग्राहक ४ लाख ८३ हजार १८९ छन्। समग्र इन्टरनेट र इमेल सेवाका ग्राहक २ करोड १४ लाख ९२ हजार १९४ पुगेका छन्। यी मध्ये जीएसएममार्फत टुजी, थ्रीजी र फोरजी सेवा प्रयोग गर्ने समग्र ग्राहक २ करोड १० लाख ५१ हजार ४०५ छन्।

२०७९ असार मसान्तसम्म फोरजी सेवाका ग्राहक १ करोड १२ लाख ९७ हजार ४६२ र थ्रीजी सेवाका ग्राहक ७९ लाख ७७ हजार ४८९ छन्। यो अवधि सम्म एफटीटीएच डाटा सेवाका ग्राहक १ लाख ९१ हजार, एफटीटीएच भ्वाइस प्रयोगकर्ता २ लाख १६ हजार र आईपीटीभी प्रयोगकर्ता १० हजार ७ सय छन्।

(१ पेजको बाँकी)

## कार्यसम्पादन सम्झौता ....

कार्यक्रममा प्रमुख प्राविधिक अधिकृत प्रतिभा वैद्य, प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी, प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापा, कम्पनी सचिव राजेन्द्र अर्याल, वायरलेस सेवा निर्देशनालयका निर्देशक मिनु प्रधान, आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभाग प्रमुख प्रेम बहादुर गुरुङ र वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक सविना प्रधान मास्केसँग प्रबन्ध निर्देशक पौडेलले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।



# समर अफरमा आकर्षक सुविधा

नेपाल टेलिकमले समर अफर (Summer Offer) अन्तर्गत हाल केही नयाँ र आकर्षक अफर समेत उपलब्ध गराइरहेको छ । ती नयाँ अफरहरु ग्राहकको रोजाइमा परेका छन् ।

कम्पनीले पहिलेदेखि नै विभिन्न आकर्षक भ्वाइस अफरहरु उपलब्ध गराइरहेकोमा हाल केही नयाँ अफर थप गरेको छ । नयाँ अफरका रुपमा जुनसुकै समयमा सबै नेटवर्कमा कल गर्न सकिने अल नेट २० मिनेट भ्वाइस प्याक र १०० मिनेट भ्वाइस प्याक उपलब्ध गराइएको छ । २० मिनेट भ्वाइस प्याक रु. १५ मा उपलब्ध हुन्छ र १ दिनभर (२४ घण्टा) कल गर्न सकिन्छ भने १०० मिनेट भ्वाइस प्याक ३ दिनका लागि रु. ४९ मा उपलब्ध छ । त्यसैगरी नयाँ अफरको रुपमा १ एमबीपीएस स्पिडको अनलिमिटेड डाटा १ दिन (२४ घण्टा) को लागि रु. ४९ मा उपलब्ध छ ।

यस अफरमा विभिन्न प्रकारका एसएमएस प्याकलाई पनि अपडेट गरिनुका साथै केही नयाँ अफर समेत थप गरिएको छ । अब सबै नेटवर्कमा १०० एसएमएस १ दिनको लागि रु. १५, २०० एसएमएस ३ दिनको लागि रु. २९ र ३०० एसएमएस २८ दिनको लागि रु. ९८ मा पठाउन सकिने छ ।

कर्पोरेट युजरका लागि उपलब्ध भइरहेको सीयूजी प्याकेजमा नयाँ रिसोर्स थप गरेर अझै आकर्षक बनाइएको छ भने सीयूजी अफर अन्तर्गत उही मूल्यमा पहिले भन्दा ४ गुणासम्म बढी डाटा भोल्युम उपलब्ध गराइएको छ । सीयूजी १००० मा १० जीबी डाटा प्रदान गर्दै आएकोमा अब ४० जीबी प्रदान गरिएको छ । त्यस्तै सीयूजी १५०० मा २० जीबी डाटा प्रदान गर्दै आएकोमा अब ८० जीबी प्रदान गरिएको छ । त्यसैगरी सबै नेटवर्कमा कल गर्न, डाटा चलाउन र एसएमएस पठाउन सकिने विभिन्न प्रकारको सुविधा समेत उपलब्ध छन् ।

पहिले उपलब्ध अधिकांश अफरहरुलाई अब उही मूल्यमा थप डाटा र भ्वाइसमा थप मिनेट सहित उपलब्ध गराइएको छ । साथै, कतिपय अफरलाई परिमार्जन गरिएको छ ।

समर अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्ने छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ ।

# कर्मचारी युनियनको पाँचौं अधिवेशन सम्पन्न




नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) को पाँचौं केन्द्रीय अधिवेशन सम्पन्न भएको छ । यही भदौ ६ गते शुरु भई सम्पन्न भएको उक्त अधिवेशनले १३ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित अधिवेशन उद्घाटन समारोहका प्रमुख अतिथि नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले संस्थालाई सर्वोपरी मानेर कम्पनी सञ्चालक समिति र व्यवस्थापनले कार्य गरिरहेको जनाउँदै यसमा ट्रेड युनियनहरुको पनि सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले पुराना महत्वकांक्षी योजनाहरु सम्पन्न गर्दै कम्पनीलाई थप संवृद्ध बनाउन नयाँ लक्ष्यसहित अगाडि बढ्नका लागि योजनाहरु अघि सारिएको पनि उल्लेख गर्नुभयो ।

कार्यक्रममा कम्पनी सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले वर्षौंसम्म कम्पनी व्यवस्थापन तथा ट्रेड युनियनहरुले एउटै प्रसंगहरु उठाइरहने र उस्तै खालका व्यवहार गरिरहने शैलीले नयाँ उद्देश्यहरु निर्धारण गर्न सफल नहुने हो कि भनी चिन्ता व्यक्त गर्नुभयो । सञ्चालक, व्यवस्थापन र ट्रेड युनियनहरुले एकअर्कालाई देखाएर पन्छिने प्रवृत्तिको अन्त्य गर्नुपर्ने पनि उहाँले बताउनुभयो ।

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादव प्रसाद पनेरु, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र प्रसाद जोशी र राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर केसीले व्यवस्थापन र युनियनबीच सम्झौता हुने तर कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्नुपर्ने र पूर्व निर्धारित योजनाहरु र सेवा वितरणमा निर्धारण गरेका लक्ष्यहरु समयमै सम्पन्न गर्न निरन्तर लाग्नुपर्ने बताउनु भयो । कार्यक्रममा नेपाल टेलिकम कर्मचारी युनियनका तत्कालीन अध्यक्ष वीरेन्द्रलाल जोशीले युनियन सधैं कम्पनीको संवृद्धि र कर्मचारीको भलाइका लागि खटिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । समारोहमा सो कर्मचारी युनियनका तत्कालीन महासचिव हरिकृष्ण श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# नेपाल टेलिकमको आ.व.२०७८/७९ को चौथो त्रैमासिकको वित्तीय विवरणको सारांश

१. गत आ.व. को चौथो त्रैमासिक अवधि (२०७८ आषाढ मसान्त) सम्ममा कम्पनीको कुल सञ्चालन आय रु. ३५ अर्ब ९३ करोड ५६ लाख ८३ हजार रहेकोमा चालु आ.व. को सोही अवधि (२०७९ आषाढ मसान्त) सम्ममा रु. १ अर्ब ९५ करोड ४२ लाख ७५ हजार (अर्थात ५.४४ प्रतिशत) ले वृद्धि भई रु. ३७ अर्ब ८८ करोड ९९ लाख ५८ हजार रहेको ।

२. गत आ.व. को चौथो त्रैमासिक अवधि (२०७८ आषाढ मसान्त) सम्मको कुल आय रु. ४२ अर्ब २० करोड ९९ लाख ३ हजार रहेकोमा चालु आ.व. को सोही अवधि (२०७९ आषाढ मसान्त) सम्ममा कुल आय रु. २ अर्ब ११ करोड १४ लाख ५४ हजार (अर्थात् ५ प्रतिशत ) ले वृद्धि भई रु. ४४ अर्ब ३२ करोड १३ लाख ५८ हजार रहेको ।

३. गत आ.व. को चौथो त्रैमासिक अवधि (२०७८ आषाढ मसान्त) सम्मको खुद मुनाफा रु. ७ अर्ब १२ करोड ९४ लाख ४१ हजार रहेकोमा चालु आ.व. को सोही अवधिसम्ममा (२०७९ आषाढ मसान्त ) मा रु. १ अर्ब २५ करोड ६ लाख ४७ हजारले वृद्धि भई रु. ८ अर्ब ३८ करोड ८८ हजार रहेको ।

४. गत आ.व.को चौथो त्रैमासिक अवधिसम्मको तुलनामा चालु आ.व.को सोही अवधिसम्मको खुद मुनाफामा परिवर्तन हुनुको प्रमुख कारणहरु निम्नानुसार रहेको:-

४.०१ कार्य सञ्चालन आयमा वृद्धि:

- Data सेवाको प्रयोगमा वृद्धि भएका कारण GSM Data तर्फ करिब रु. ५० करोड वृद्धि भएको
- 4G सेवाको व्यापक विस्तार गरिएका कारण GSM Voice सेवाको प्रयोग वृद्धि भई करिब रु. २ अर्ब ५५ करोड वृद्धि भएको ।

४.०२ कार्य सञ्चालन आयमा कमी:

- अन्तरआबद्धता सम्बन्धी निर्देशिका अनुसार Domestic अन्तरआबद्धता शुल्क (Tariff) मा कमी आएको र OTT सेवाको बढ्दो प्रयोगका कारण अन्तरआबद्धता आयमा करिब रु. ७० करोडले कमी भएको ।
- Wireless सेवाको प्रयोगमा वृद्धि भएसँगै Wireline सेवाको प्रयोग घटेकोले राजस्वमा करिब रु. २१ करोडले कमी आएको ।
- CDMA सेवा GSM सेवामा प्रतिस्थापन हुने क्रममा रहेकाले करिब रु. १२ करोडले कमी आएको ।

४.०३ गैर कार्य सञ्चालन आयमा भएको परिवर्तन:

- बैंक ब्याजदरमा भएको परिवर्तनका कारण ब्याज आम्दानी करिब रु. ७७ करोडले वृद्धि भएको ।
- विदेशी विनिमय दरमा भएको परिवर्तनका कारण करिब रु. ३७ करोड Foreign exchange Gain भएको ।
- कम्पनीको लेखा नीति तथा IFRS/NFRS बमोजिम Impairment तथा Finance Cost मा गत आ.व.मा भन्दा कमी आएको ।

## नेपाल टेलिकमको नयाँ सेवा : सिप ट्रंक (SIP Trunk) सेवा

नेपाल टेलिकमले एउटै टेलिफोन नम्बरमार्फत एकै पटक धेरै सेवाग्राहीले प्रयोग गर्न सकिने गरी सिप ट्रंक (SIP Trunk) सेवा उपलब्ध गराउन थालेको छ। एक पटकमा कमसेकम १०० लाइन प्रयोग गर्ने संस्थाहरुलाई लक्ष्यित गरी यो सेवा उपलब्ध गराइएको हो। हाल कम्पनीले सरकारी निकाय र कुटनीतिक नियोगहरुलाई यो सुविधा उपलब्ध गराइरहेको छ। लकडाउन शुरु हुनु केही महिना अघिदेखि प्रारम्भ गरिएको यो सेवा हाल नेपाली सेना, अमेरिकी राजदुतावास, विश्व बैंक आदिले प्रयोग गरिरहेका छन् ।

यो सेवा उपयोग गर्ने सेवाग्राहीले कमसेकम १०० वा १०० ले भाग जाने संख्यामा टेलिफोन लाइन लिनुपर्छ । सेवाग्राहीको कार्यालयमा रहेका ती नम्बरलाई एक्सचेन्जको रुपमा स्थापना गरी नेपाल टेलिकममा अवस्थित प्वाइन्ट अफ इन्टरकनेक्सनबाट ट्रंकमार्फत जोडिन्छ। ती नम्बर सेवाग्राहीले स्वतन्त्र रुपमा आफ्नै प्रयोजनका लागि उपयोग गर्न सक्छन् ।

नेपाल टेलिकमले यसभन्दा पहिलेदेखि नै न्यूनतम १५ सेसनको सिप पीबीएक्स (SIP PBX) सेवा उपलब्ध गराइरहेको छ। धेरै संख्यामा टेलिफोन लाइन प्रयोग गर्ने सेवाग्राहीहरुको सुविधालाई ध्यानमा राखी सिप ट्रंक सेवा ल्याइएको हो ।

**फाइदा**

सिप पीबीएक्स वा सिप ट्रंक सेवा प्रयोग गरेमा कसैलाई सम्पर्क नम्बर दिंदा पनि एउटै नम्बर दिए पुग्छ। एउटै कार्यालयका लागि धेरै नम्बर दिनुपर्ने झन्झट हुँदैन ।

यो सेवाका लागि आवश्यक उपकरण एउटै फाइबर केबुलबाट जोडिएको हुन्छ। एउटै टेलिफोन नम्बरको माध्यमबाट एकै पटकमा धेरै जनाले विभिन्न टेलिफोन सेटबाट कल गर्न तथा रिसिभ गर्न सकिन्छ। टेलिफोन व्यस्त हुने समस्याबाट मुक्ति पाइन्छ भने एउटा मात्र केबुल जोडिने भएकाले कार्यालयको सुन्दरता र तार व्यवस्थापनमा समेत सहजता हुन्छ। सिप पीबीएक्स चाहिं एउटै भवनमा धेरै टेलिफोन आवश्यक हुने संस्थाहरु, कल सेन्टर, ग्राहक सेवा केन्द्र तथा कर्पोरेट कार्यालयहरुका लागि उपयोगी हुन्छ।

**शुल्क**

सिप ट्रंक सेवा लिनका लागि शुरुमा ५ सय रुपैयाँ दर्ता शुल्क र ६ हजार रुपैयाँ जडान शुल्क लाग्छ। प्रति १०० नम्बरका लागि सरकारी स्वामित्व शुल्क ५० हजार रुपैयाँ बुझाउनु पर्छ भने धरौटी वापत लोकल र एसटीडी लाइनका लागि ५० हजार रुपैयाँ तथा आईएसडी सहित लिनु परेमा १ लाख ५० हजार रुपैयाँ राख्नुपर्छ।

यसरी कमसेकम १०० लाइनको सुविधा लिदा रेन्टल चार्जको रुपमा ५ हजार र न्यूनतम सेसनको रुपमा ६० सेसनको २०० रुपैयाँको दरले १२ हजार रुपैयाँ गरी १७ हजार रुपैयाँ ( कर बाहेक) मासिक शुल्क लाग्छ। यो भन्दा बढी संख्याको सुविधा उपयोग गर्ने भएमा त्यही अनुसार शुल्क तोकिएको छ।

**लिने प्रकिया**

सिप ट्रंक सेवा लिन चाहने सेवाग्राहीले नेपाल टेलिकमको वेबसाइट अन्तर्गत https://ntc.net.np/post/sip-pbx-service मार्फत आवश्यक जानकारी लिन सकिन्छ। त्यसैगरी यसमा रहेको सेवाको जडान फाराम डाउनलोड गरी तोकिएका विवरण भरी फारममा उल्लेखित कागजात संलग्न गरी काठमाडौं उपत्यकाको हकमा प्रादेशिक निर्देशनालयमा र काठमाडौं उपत्यका बाहिरको हकमा नजिकको दूरसञ्चार कार्यालयमा वा प्रादेशिक निर्देशनालयमा बुझाउनुपर्छ।

## विद्यार्थीहरुका लागि एसईई अफर

नेपाल टेलिकमले एसईईका विद्यार्थीहरुका लागि एसईई अफर (SEE Offer) सहितको निःशुल्क सिम (SEE Student SIM) उपलब्ध गराइरहेको छ। उक्त सिम नेपाल टेलिकमका देशभरका कार्यालयहरुबाट निःशुल्क उपलब्ध हुनेछ। विद्यार्थीसँग पहिलेदेखि नै नेपाल टेलिकमको सिम छ भने सोही सिममा यी अफरहरु उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ।

नयाँ सिम प्राप्त गर्नका लागि विद्यार्थीहरुले प्रवेश पत्र (Admit Card) वा मार्कसिटको फोटोकपी, एकप्रति फोटो र आफ्नो वा अभिभावकको नागरिकता वा अरु परिचय पत्रको फोटोकपी संलग्न गरी फाराम भर्नु पर्नेछ। सिम लिइसकेपछि Student Registration Pack प्राप्त गर्नका लागि नयाँ मोबाइल नम्बरबाट *1600# मा डायल गरी प्राप्त निर्देशन बमोजिम सिम्बोल नम्बर र जन्म मिति (विक्रम सम्वत) उल्लेख गर्नुपर्दछ।

उक्त Student Registration Pack बाट नेपाल टेलिकमको नेटवर्कभित्र दैनिक १० मिनेट कुराकानी गर्न र १० वटा एसएमएस पठाउन तथा १०० एमबी डाटा प्रयोग गर्न सकिने छ। यस अनुसार ३० दिनसम्म ३ हजार एमबी डाटा, ३०० मिनेट टकटाइम र ३०० वटा एसएमएसको सुविधा निःशुल्क प्राप्त हुनेछ।

यो अफर भएको नयाँ सिममा Bonus On Recharge Pack समेत उपलब्ध गराइएको छ। यस प्याकमा रु. ५० वा सोभन्दा बढी रकम रिचार्ज गर्दा प्रत्येक रिचार्जमा जुनसुकै समयमा पनि ५०० एमबी डाटा चलाउन, नेपाल टेलिकमकै नेटवर्क भित्र ५० मिनेट कल र ५० वटा एसएमएस पठाउन सकिने बोनस सुविधा समेत उपलब्ध हुनेछ।

विद्यार्थीहरुले पहिलेदेखि नै प्रयोग गरिरहेको नेपाल टेलिकमको मोबाइल नम्बरमा Student Registration Pack उपयोग गर्नको लागि प्रयोग गरिरहेको मोबाइलबाट *1600# मा डायल गरी प्राप्त निर्देशन बमोजिम सिम्बोल नम्बर र जन्म मिति उल्लेख गर्नुपर्दछ। त्यसपछि नेपाल टेलिकमले प्राप्त सूचनाको आधारमा उक्त सिमलाई विद्यार्थी सिमका रुपमा रजिष्टर गर्दछ र Student Registration Pack अनुसारका सुविधाहरु प्राप्त गर्न सकिनेछ।

नयाँ सिम प्राप्त गरेका विद्यार्थीहरुले सिम कार्डमा मेन ब्यालेन्सको रुपमा उपलब्ध हुने ९.८ रुपैयाँबाट जुनसुकै नेटवर्कमा कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सक्नेछन् भने यो बाहेक ४० मिनेट टक टाइम र २० वटा एसएमएस सहितको सुविधा एक महिनाभित्र नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सक्नेछन्। त्यसैगरी सोही अवधिमा ६० एमबी डाटा पनि चलाउन सकिनेछ। हाललाई यो अफर तीन महिनासम्म उपलब्ध हुनेछ।

## इन्डिया भ्वाइस प्याक

नेपाल टेलिकमले ग्राहकहरुको माग बमोजिम भारतमा कल गर्न इन्डिया भ्वाइस प्याक (India Voice Pack) लाई परिमार्जन सहित निरन्तरता दिएको छ। गत भदौ १ देखि लागु भएको यस प्याकेज अन्तर्गत उपलब्ध दैनिक, साप्ताहिक र मासिक (Daily, weekly and monthly) मध्ये आफूलाई उपयुक्त अफर छनोट गरी सदुपयोग गर्न सकिन्छ।

इन्डिया भ्वाइस प्याक डेली अफर अन्तर्गत २४ घण्टा (एक दिन) मा १७ मिनेट कुराकानी गर्न सकिने प्याक जम्मा रु. ५९ मा उपलब्ध छ। त्यसैगरी विक्ली अफर अन्तर्गत ७ (एक हप्ता) दिनसम्म ७५ मिनेट र मन्थ्ली अफर अन्तर्गत ३० दिन (एक महिना) सम्म २ सय २१ मिनेट कुराकानी गर्न सकिने प्याकहरु क्रमश रु. २५९ मा र रु. ७५९ मा उपलब्ध छन्।

एक्सेस कोडहरु ००, १४२४, १४२५ वा १४४५ प्रयोग गरी भारतमा उपलब्ध कुनै पनि मोबाइल तथा टेलिफोन नम्बरमा कल गर्न सकिन्छ। यो प्याकेज गरिद गर्नका लागि आफ्नो मोबाइलबाट *१४१५# डायल गरी ७ नम्बर छनौट पश्चात् खरिद प्रक्रिया अघि बढाउन सकिन्छ। कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ।

# कर्णालीमा विस्तार हुँदैछ अत्याधुनिक दूरसञ्चार सेवाहरु

मुलुककै दुर्गम र विकट क्षेत्रका रुपमा रहेको कर्णाली प्रदेशका अधिकांश घना वस्तीहरु र पर्यटकीय महत्वका स्थानहरुमा समेत नेपाल टेलिकमले मोबाइल सेवा उपलब्ध गराएको छ । गत आर्थिक वर्षमा कम्पनीले कुनैपनि दूरसञ्चार सेवाको पहुँच नभएका यस प्रदेशका दर्जनभन्दा बढी स्थानमा फोरजी, थ्रीजी र टुजी मोबाइल सेवा उपलब्ध गराएको छ ।

कर्णाली प्रदेशभरीकै सबै SIAE माइक्रोवेभ व्याकहोलको स्तरोन्नति गरी उच्च क्षमताको माइक्रोवेभ लिङ्क स्थापित सम्पन्न भई व्याण्डविथ, दूरसञ्चार सेवाहरुको निरन्तरता र गुणस्तरमा वृद्धि गरिएको छ ।

## कर्णाली प्रदेशमा फोरजी सेवा

प्रदेशका सबै १० जिल्ला फोरजी सेवाको पहुँचमा रहेका छन् । गत आर्थिक वर्षमा यस प्रदेशका थुप्रै भौगोलिक दृष्टिले विकट र दुर्गम थप वस्तीहरुमा कम्पनीले मोबाइल सेवा विस्तार गरेको छ ।

यसअघिसम्म कुनैपनि दूरसञ्चार सेवा उपलब्ध नरहेका **डोल्पा**को छर्काटाङ्ग सोङ्ग र सिमेन्सकोमासमा भिस्याटमार्फत सर्वप्रथम टुजी मोबाइल सेवा सञ्चालन गरिएको छ । त्यस्तै हालसम्म डोल्पाकै दुर्गम र विकट स्थानहरु जगदुल्ला गाउँपालिकाको काईगाउँ र रिमीमा फोरजी सेवा उपलब्ध गराइएको छ । प्यारीको लेकमा राखिएको माइक्रोवेभ रिपिटर स्टेसनमार्फत डोल्पाकै मुड्केचुला गाउँपालिकाको कालिका र शर्मीमा पनि फोरजी सेवा उपलब्ध भएको छ ।

**हुम्ला** जिल्लाको धारापानीमा माइक्रोवेभ लिङ्कमार्फत फोरजी र टुजी मोबाइल सेवा सञ्चालन गरिएको छ । नेपाल चीन सीमाक्षेत्रस्थित नारालेकमा राखिएको टावरबाट हिल्सा नाकामा पनि माइक्रोवेभ ट्रान्समिसन लिंकबाटै टुजी सेवा उपलब्ध भएको छ । हुम्लाको मेलछाम, जयर, सर्केगाड, सर्कीदेउ र कालिकामा यस आर्थिक वर्षमा टावर (Ground Based) स्थापना गरी मोबाइल सेवा उपलब्ध गराउने गरी काम अघि बढाइएको छ ।

**जाजरकोट** जिल्लामा गत आर्थिक वर्षमा थप ९ वटा नयाँ साइटमार्फत फोरजी र टुजी मोबाइल सेवा उपलब्ध गराइएको छ । यस जिल्लाको भगवती टोल, पैंक,थल, अर्चनी, भुर, धिमे, सीमा, पडारु र सिडिओ अफिस लगायतका स्थानमा टावर स्थापना गरी फोरजी सेवा सञ्चालन गरिएको छ । सकलामा मोबाइल सेवा उपलब्ध गराउन टावर निर्माणाधीन रहेको छ । यहाँ अप्टिकल फाइबरको विस्तारसँगै निरन्तर गुणस्तरीय फोरजी सेवा उपलब्ध गराउन सहज भएको छ ।

**मुगु**मा थप नयाँ मोबाइल टावरहरु निर्माण भइसकेका छन् । यहाँको ताल्चा विमानस्थल, गुम्था, कोटडाँडा र सुखाढिका, नाथार्पुमा नयाँ टावर बनाइसकिएको छ र निकट भविष्यमै फोरजी सेवा सञ्चालन हुनेछ । यसका साथै सोरु गाउँपालिकाको वडा १ स्थित नाथार्पुमा




पनि रिपिटरको रुपमा काम गर्ने संरचना निर्माण प्रक्रिया अघि बढेको छ । यसबाट भिस्याटबाट टुजी सेवा मात्र चलिरहेकोमा कालिका, श्रीनगर, भिई, जिमा, मेलथाम लगायत वस्तीहरुमा फोरजी सेवा उपलब्ध गराइनेछ ।

**दैलेख** जिल्लामा गत आर्थिक वर्षदेखि हालसम्म १२ वटा नयाँ मोबाइल साइटहरुबाट सेवा शुरु गरिएको छ । तुलनात्मक रुपमा जिल्लाका दुर्गम स्थानका रुपमा परिचित बादलामजी, डाँडापराजुल, देवकोटा चोक, पोखरेलखाल डाँडा, तल्लो ढुंगेश्वर, बडाभैरव, भवानी, नेपा, कालभैरव, दंगसुर, सतला र सिगौडीमा कम्पनीले नयाँ टावर स्थापना गरी फोरजी मोबाइल सेवा उपलब्ध गराएको हो ।

## प्रदेश गतिविधि

मुलुकको दुर्गम जिल्ला **रुकुम पश्चिम**मा गत आर्थिक वर्षमा भलक्चा, अर्मा, खोलागाउँ, नेतिलेख र पेउघा गरी ५ नयाँ स्थानबाट मोबाइल सेवाको शुभारम्भ गरिएको छ । यी सबै स्थानहरु उक्त जिल्लाका विकट र दुर्गम स्थानका रुपमा परिचित रहेका छन् ।

**सल्यान** जिल्लाका फोरजी मोबाइल सेवाको पहुँचमा नरहेका र मोबाइल सेवा पनि उपलब्ध नभएका विभिन्न १४ स्थानमा नेपाल टेलिकमले सेवा उपलब्ध गराएको छ । यस जिल्लाका खारा, कालिमाटी काल्चे, लक्ष्मीपुर, निगालचुली, रिम सिनवांग, गार्पा, चण्डेकेरनी, कालागाउँ, लेखपोखरा, कुभिण्डे, काल्चे, कोशिखाल डाँडा, जिमली बडागाउँ र धजारी पिपलमा कम्पनीले गत आर्थिक वर्षमा फोरजी लगायत मोबाइल सेवाहरु उपलब्ध गराएको हो ।

**सुर्खेत** जिल्लाको ७ नयाँ स्थानमा कम्पनीले गत आर्थिक वर्षमा फोरजी मोबाइल सेवा उपलब्ध गराएको छ । जिल्लाको विकट स्थानका रुपमा रहेका राकम, तोशारा, धुलियाबिट, घोरेटा, घुस्रा, गोठिकाँडा २ र साताखानी २ मा नयाँ साइटहरु स्थापना गरी सेवाको शुभारम्भ गरिएको हो ।

**कालिकोट** जिल्लाका थप स्थानबाट कम्पनीले फोरजी सेवा उपलब्ध गराउने भएको छ । तुलनात्मक रुपमा विकट स्थानका रुपमा रहेका मुर्मा, डण्डाज्युला, बाँफकोट परौठी, नाग्मा तथा रणचुली, आरसिपी बजार र जिल्ला सदरमुकाम नजिकै रहेको टाँडीमा पनि नयाँ भौतिक संरचनासहित फोरजी सेवा सञ्चालनको तयारी भइरहेको छ ।

दुर्गम र विकट जिल्लाका रुपमा रहेको **जुम्ला**मा हाल उपलब्ध मोबाइल सेवालाई थप विस्तार र गुणस्तर अभिवृद्धिका लागि कम्पनीले निकट भविष्यमै थप पाँच स्थानबाट फोरजी सेवा प्रवाह गर्न लागेको छ । जिल्लाका दुर्गममा रहेका वस्तीहरुमा अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउन कम्पनीले ताम्ती, पत्रासी, डिल्लीचौर, बड्की र पातमारामा मोबाइल सेवा सञ्चालन गर्न लागेको छ । उल्लेखित अधिकांश स्थानहरुमा सेवा प्रवाहका लागि भौतिक निर्माण कार्य सम्पन्न हुने क्रममा छ ।

## कर्णालीमा एफटीटीएच

अत्याधुनिक दूरसञ्चार सेवाहरु मुलुकभर सहज रुपले उपलब्ध गराउने योजना बमोजिम कम्पनीले कर्णाली प्रदेशमा पनि मोबाइल सेवाका साथै एउटै तारबाट टेलिफोन, इन्टरनेट, टेलिभिजन र मोबाइल डाटासमेत चलाउन सकिने सुविधा भएको एफटीटीएच सेवा पनि उपलब्ध गराएको छ । यस प्रादेशिक निर्देशनालय अन्तर्गत रहेका १० वटा जिल्लाहरुमध्ये ४ वटा जिल्लाहरु सुर्खेत, सल्यान, दैलेख र जाजरकोटमा एफटीटीएच सेवाको वितरण यसअघि नै शुरु गरिएको हो । सल्यान र दैलेखमा पुरानो तारवाला टेलिफोन र इन्टरनेट प्रणालीलाई अप्टिकल फाइबरबाट पूर्णत विस्थापित गरिसकिएको छ । सुर्खेत र जाजरकोट जिल्लामा यस आर्थिक वर्षभित्रमा तामाको तारवाला प्रविधिलाई फाइबर अप्टिकलबाट विस्थापित गरिने योजना रहेको छ । बाँकी ६ जिल्लामा पनि अप्टिकल फाइबर बिछ्याई सेवा प्रवाह गर्ने योजना कम्पनीको रहेको छ ।

कर्णाली प्रदेशका चारवटा जिल्लाहरुमा एफटीटीएच सेवामा टेलिफोन र इन्टरनेटका साथै आइपिटिभी सेवा पनि वितरण भइरहेको छ । यसका साथै टेलिफोन, इन्टरनेट र आइपिटिभी सेवाका ग्राहकहरुका लागि प्याकेजका रुपमा मोबाइल डाटा समेत उपलब्ध गराइएको छ ।

Chharka Tangsong, Dolpa




सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by:** Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal